मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : २५० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ साउन ११ गते बुधवार (Wednesday, July 27. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## बालिकालाई करणी गरी गर्भवती बनाएपछि...

**झापा, साउन १०।** १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा हल्दिवारी गाउँपालिका-२ बस्ने ३० वर्षीय इन्द्रजित मण्डललाई प्रहरीले पक्राउ गरेको छ।

मण्डलले ती बालिकालाई ललाईफकाई पटकपटक जबरजस्ती करणी गरेको र पीडितको स्वास्थ्य परीक्षण गराउँदा गर्भ समेत रहेको भन्ने जाहेरी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

यसैगरी झापाकै १५ वर्षीया किशोरीलाई जबरजस्ती

(बाँकी अन्तिम पृष्ठमा)

## सहमतिमा प्रदेशको नामकरण गर्न आग्रह




**बिर्तामोड, साउन १०।** विभिन्न माग र विकल्पहरुकाबीचमा साझा सहमति जुटाएर प्रदेश १ को नामकरण गर्न झापाका पहिचानवादी संघ-संस्थाका प्रतिनिधिले माग गरेका छन्।

उनीहरुले विभिन्न पक्षको माग र विकल्पहरुमा साझा सहमति जुटाउन वृहत् गोलमेच छलफल गर्न समेत प्रदेश सरकार समक्ष माग गरेका छन्। मंगलबार संवाद समूह झापाको संयोजनमा बिर्तामोडमा भएको छलफलमा सहभागीहरुले विवाद र द्वन्द्वरहीत ढंगले साझा सहमतिको आधारमा यथाशीघ्र प्रदेश नामकरण गर्न प्रदेशसभा, प्रदेश सरकार र राजनीतिक दलहरुको ध्यानाकर्षण समेत गराएका छन्।

छलफल र संवादको माध्यमबाट प्रदेश नामकरणको विषय टुंग्याउन आग्रह गर्दै नामकरणको लागि आन्दोलनरत् पक्षलाई शान्तिपूर्ण आन्दोलन गर्न समेत उनीहरुले आग्रह गरेका छन्। आदिवासी जनजाति महासंघ झापाका अध्यक्ष भरतकुमार श्रेष्ठले प्रदेश नामकरण पहिचानको आधारमा हुनुपर्ने धारणा राखेका छन्।

उनले प्रदेश नं. १मा भूगोलभन्दा पहिचानको सभ्यता र इतिहास लामो भएकाले यसैका आधारमा प्रदेश नामकरण गर्नुपर्ने सुझाव दिए। प्रदेशसभामा पहिचान पक्षधर सांसदको संख्याभन्दा बढी भएकाले पहिचानबारे साझा धारणा बनाउन सक्नुपर्नेमा उनको जोड छ। श्रेष्ठले प्रदेश १को नाम किरात प्रदेश राख्दा उचित हुने दाबी गरे।

संघीय लिम्बुवान मञ्चका झापा अध्यक्ष नगेन्द्र राईले प्रदेश १लाई लिम्बुवान प्रदेश घोषणा गर्नुपर्नेमा जोड दिए। उनले पहिचान र ऐतिहासिकताको आधारमा प्रदेश १को नाम लिम्बुवान हुनुपर्ने माग राखे। उनले पहिचानको आधारमा राखिने नामले बिखण्डन ल्याउछ भन्ने तर्क गलत भएको दाबी गरे। लिम्बुवान राज्यका लागि निरन्तर आन्दोलन र संघर्ष जारी रहेकाले लिम्बुवान प्रदेशको अडानबाट पछि हट्न सक्ने अवस्था नरहेको बताए।

कोचिला गाभुर फ्रन्टका अध्यक्ष अभय राजवंशीले कोच समुदायको इतिहास र सभ्यता नमेटिने गरी प्रदेश १को नाम कोचिला प्रदेश हुनुपर्ने बताए। उनले झापा, मोरङ र सुनसरीमा मुख्य बसोबासीको रुपमा रहेको राजवंशी, ताजपरिया, गनगाईलगायतका जाति समुदायको पहिचानलाई सुरक्षित राख्न पनि कोचिला प्रदेशको विकल्प नभएको तर्क गरे।

राष्ट्रिय जनमुक्ति पार्टीका पूर्व जिल्ला अध्यक्ष पर्शुराम मगरले प्रदेश १ लाई किराँत- लिम्बुवान नामकरण गर्दा उचित हुने धारणा राखे। उनले पहिचान र साझा सहमतिको आधारमा नामकरण

(बाँकी अन्तिम पृष्ठमा)

# दमकको बजेट घाटा १० करोडभन्दा बढी

**झापा, साउन १०।** दमक नगरपालिकाको वेरुजु रकम आठ करोडभन्दा बढी रहेको छ। महालेखाले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदन अनुसार यो नगरमा कूल रकमको २ दशमलव ५२ प्रतिशत रकम वेरुजु छ।

दमक नगरपालिकाको कूल बजेट मध्येको ८ करोड ३४ लाख १४ हजार रुपैयाँ वेरुजु देखिएको हो। अझ दायित्व सरेको रकम १० करोडभन्दा बढी छ। अर्थात नगरको घाटा बजेट १० करोडभन्दा बढी देखिएको छ। नेपालमा घाटा बजेटको अभ्यास नभएकाले यो रकमलाई घाटा बजेट भनिँदैन।

तर, यथार्थमा दमक नगरपालिकाको घाटा बजेट १० करोड रुपैयाँभन्दा माथि रहेको नगरका एक कर्मचारीले बताएका छन्। उनले भने अघिल्ला बर्षको तुलनामा चालू आर्थिक वर्ष २०७९/०८० मा दमकमा बजेट घाटा घटेर गएको छ। तर, पनि झापाका अन्य नगरको तुलनामा दमकमा बजेट घाटा धेरै छ।

दमक नगरपालिकामा सैद्धान्तिक बेरुजु धेरै देखिएको प्रमुख प्रशासकीय अधिकृत शशि राईले बताए। महालेखाले सैद्धान्तिक बेरुजु धेरै देखाएको छ, तर यथार्थमा त्यो होइन- प्रमुख प्रशासकीय अधिकृत राईले भने। तर, दमकमा मात्र होइन अन्य स्थानीय तहसहितका सबै कार्यालयमा वेरुजुको अवस्था उस्तै छ। सबै कार्यालयमा सैद्धान्तिक बेरुजु बढी देखिने गरेको छ। दमक नगरपालिकाले आर्थिक वर्ष २०७९/०८०का लागि असार १०मै सम्पन्न नगरसभामा बजेट पेश गरेपनि सो बजेट एक महिना वितिसक्दा समेत पास हुन सकेको छैन।



नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको गृह नगरका रुपमा परिचित दमक नगरपालिकामा यसैपनि अन्य नगरको तुलनामा धेरै कार्यक्रम सञ्चालनमा छन्। संघीय सरकारबाट नै यो नगरमा विभिन्न कार्यक्रम तथा परियोजना सञ्चालित छन्। त्यसमाथि नगरले समेत वहुवर्षीय विभिन्न आयोजना सञ्चालन गरेको छ। नगरले सञ्चालन गरेका वहुवर्षीय आयोजनाका कारण समेत यो नगरमा बजेट घाटा बढी देखिएको बताइएको छ।

**उपभोक्ता समितिमार्फत काम, गरिँदैन गुणस्तर परीक्षण**

दमक नगरपालिकामा उपभोक्ता समितिमार्फत गरिएका कामको गुणस्तर जाँच नगरेको पाइएको छ। सार्वजनिक खरिद नियमावली २०६४को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणसमेत छुट्टै आइटम बनाई अनुगमनमा समावेश गर्नु पर्ने र नियम ११(१)मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्तामार्फत गरिएको कामको निर्माण कार्यको अनुगमनमा गुणस्तर परीक्षणको आइटम समावेश गरिएको, खर्च दावी नभएको र उपभोक्ता समितिमार्फत वा निर्माण व्यवसायीमार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण नहुने गरेको महालेखाले २०७८ सालमा सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ।

**लाभग्राहीको छनौटको आधार स्पष्ट छैन**

दमक नगरपालिकाले सुरक्षित आवास कार्यक्रममा समावेश गरेका मध्ये लाभग्राहीको छनौट प्रक्रियाको तथ्याङ्क यकिन नगरेको महालेखाले जनाएकोछ।

सुरक्षित आवास कार्यक्रममार्फत दमकका ३९ परिवारलाई घर हस्तान्तरण गरिएको थियो। १३ लाख ७७ हजार रुपैयाँको लागतमा नगरले घर निर्माण गर्दै विपन्न परिवारलाई हस्तान्तरण गरेको थियो। तर, लाभग्राहीको छनौटमा महालेखाले प्रश्न उठाएको हो।

**डोर हाजिरी फर्मबाट खर्च**

स्थानीय तहमा सूचीकृत वेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकासमार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले प्रधानमन्त्री स्वरोजगार कार्यक्रम सञ्चालनमा छ। यस अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटरवाटो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी दमकमा

(बाँकी अन्तिम पृष्ठमा)

## एटिएम फुटाउने दुई जना नियन्त्रणमा




**काठमाडौं, साउन १०।** पर्साको वीरगञ्ज महानगरपालिका-८ स्थित माछापुच्छ्रे बैंकको एटीएम मेसिन फुटाउँदै गरेको अवस्थामा दुई जनालाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा बारा जितपुरसिमरा उपमहानगरपालिका-५ ठेगाना भएका २५ वर्षीय अजय चौधरी र बारा कलैया उपमहानगरपालिका ठेगाना भएका २७ वर्षीय राजकपुर चौधरी रहेका छन्।

उक्त बैंकको एटीएम मेसिन फुटाउँदै गरेको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्सा र वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको प्रहरीले उनीहरूलाई एटीएम मेसिन फुटाउँदै गरेको अवस्थामा फेला पारी पक्राउ गरेको हो।

उनीहरू उपर चोरी सम्बन्धी कसूरमा जिल्ला अदालत पर्साबाट सात दिन म्याद थप अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

## स्रोत नखुलेको नगदसहित पक्राउ

**काठमाडौं, साउन १०।** धनुषाको जनकपुर उपमहानगरपालिका-१२ कुवाँबाट स्रोत नखुलेको नगद २३ लाख ८९ हजार ४ सय ८० रूपैयाँसहित भारत घर भएका १९ वर्षीय अब्दुल समीलाई प्रहरीले पक्राउ गरेको छ।

जनकपुर उपमहानगरपालिका-२५ लोहनाबाट जनकपुरतर्फ आउँदै गरेको बिआर ३२ एजे ०१७० नम्बरको मोटरसाइकललाई प्रहरी चौकी हनुमाननगरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार समीलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको हो।

उता रूपन्देहीको सिद्धार्थनगर नगरपालिका-१ बाइपासबाट स्रोत नखुलेको ६ लाख ५० हजार भारतीय रूपैयाँसहित भारत घर भएका ५० वर्षीय बुद्धिराम बरुलाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय बेलहियाबाट खटिएको प्रहरीले उनलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको हो। उनलाई आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय वुटवल पठाइएको छ।

यता पर्सा, वीरगञ्ज महानगरपालिका-१६ शंकराचार्य गेटबाट स्रोत नखुलेको नगद ५ लाख रूपैयाँसहित भारत घर भएका ३० वर्षीय बालकृष्ण कुमारलाई प्रहरीले पक्राउ गरेको छ।

भारतबाट वीरगञ्जतर्फ आउँदै गरेको बिआर ०५ एजी ४२५३ नम्बरको मोटरसाइकललाई प्रहरी चौकी इनर्वाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकल चालक कुमारलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको हो।

## पातलो प्लास्टिक झोला प्रतिबन्ध

**झापा, साउन १०।** भदौ १ देखि पातलो प्लास्टिक झोलाको प्रयोग बन्द हुने भएको छ।

४० माइक्रोनभन्दा पातलो प्लास्टिक झोला सरकारले आगामी भदौ १ बाट पूर्ण रुपमा बन्द गर्न लागेको हो। त्यस्ता झोलाको उत्पादन, आयात र बिक्री वितरणमा पूर्ण रोक लगाउने र प्रयोग गरेमा समेत कारबाही गर्ने वातावरण विभागले सूचना प्रकाशन गरी जानकारी गराएको छ।

विभागले सूचना निकालेर ४० माइक्रोनभन्दा पातलो प्लास्टिक झोलाको प्रयोग नगर्न आग्रह समेत गरेको छ। सरकारले २०७८ साल असोज १९ मा राजपत्रमा सूचना निकालेर ४० माइक्रोनभन्दा पातलो प्लास्टिक प्रयोगमा प्रतिबन्ध लगाएको थियो। तर, अहिले पनि बजारमा यस्ता प्लास्टिक झोलाको बिक्री तथा प्रयोग हुँदै आएको छ।

नीतिगत निर्णय भए पनि कार्यान्वयन फितलो हुँदा प्लास्टिकका झोला प्रयोगको दर झन् बढ्दो रहेको पाइएको छ। ४० माइक्रोनभन्दा पातलो झोलाले वातावरणमा प्रतिकूल प्रभाव पार्ने र जथाभावी फाल्दा खोला तथा नदीमा प्रदूषण बढेको छ। ढल तथा पानीको निकासमा समस्या उत्पन्न भएको छ। विभागले प्लास्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना २०७८ कार्यान्वयन गर्न पनि अनुरोध गरेको छ।

विगतमा कोरोना महामारीका कारण अनुगमन हुन नसकेको तर अब भदौ १ गतेदेखि सरकारको निर्णय कार्यान्वयन गरी अटेरी गरेको पाइएमा वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ अनुसार कडा कारबाही गर्ने चेतावनी समेत विभागले दिएको छ।

झापासहित देशभरका केही ठाउँमा यसअघि नै त्यस्ता प्लास्टिकका झोला विभिन्न संघ-संस्था र स्थानीय तहले पूर्ण रुपमा प्रतिवन्ध लगाए पनि पूर्ण रुपमा कार्यान्वयन हुन सकेको थिएन।

## ठेकेदार कम्पनी कालोसूचीमा

**खोटाङ, साउन १०।** ऐंसेलुखर्क गाउँपालिकाको प्रशासनिक भवन निर्माणको काम अलपत्र पार्ने ठेकेदार कम्पनी कालोसूचीमा परेको छ।

सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाडौँले रुजन-जगदम्बा-भुवनेश्वरी एण्ड वैभव जेभी नयाँ बानेश्वर काठमाडौँलाई एक वर्षका लागि कुनै पनि काम गर्न नपाउने गरी कालोसूचीमा राखेको हो।

कार्यालयद्वारा सोमबार जारी सूचनामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम सूचना प्रकाशित भएको मितिदेखि लागू हुने गरी विसं २०८० साउन ८ गतेसम्मका लागि ठेकेदार तथा व्यवसायी/आपूर्तिकर्तालाई कालोसूचीमा राखिएको उल्लेख छ। भवन निर्माणमा उक्त ठेकेदार कम्पनीले लापरवाही गरेको जनाउँदै गाउँपालिकाले सिफारिस गरेपछि

(बाँकी अन्तिम पृष्ठमा)

## नक्कली नोटसहित पक्राउ

**काठमाडौं, साउन १०।** पर्साको वीरगञ्ज महानगरपालिका-११ श्रीपुरटोलस्थित सडकबाट रौतहट परोहा नगरपालिका-३ बस्ने ३२ वर्षीय बिटु दुवेदीलाई १ हजार दरको ६ थान नक्कली नोट सहित प्रहरीले पक्राउ गरेको छ।

विषेश सूचनाको अधारमा जिल्ला प्रहरी कार्यालय पर्सा र वडा प्रहरी कार्यालय श्रीपुर पर्साबाट खटिएको प्रहरीले उक्त टोलमा दुवेदीलाई फेला पारी जाँच गर्दा उनको साथबाट उक्त नक्कली नोट फेला

(बाँकी अन्तिम पृष्ठमा)

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,
दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र
अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।
*दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।*

**बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**

बिर्तामोड-५, झापा

**कर्जा बुझाउन आउने बारेको सूचना**

यस संस्थासंग कर्जा कारोबार गर्ने तपसिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाका/ अन्तिम भाका समेत नाघिसकेको र पटक-पटक लिखित तथा मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले बुझाउनुपर्ने सम्पूर्ण साँवा तथा ब्याज भुक्तान नगरेको हुँदा यो सूचना जारी गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन यो सूचनामार्फत सूचित गरिन्छ।

तपसिल

| क्र.सं. | ऋणीको नामथर | ठेगाना | ऋणीको बाबु | ऋणीको बाजे | मञ्जुरी नामा |
|---|---|---|---|---|---|
| १ | मिलनकुमार कुइँकेल | बुधवारे-३ | टंकनाथ कुइँकेल | मुकुन्द कुइँकेल | कल्पना कुइँकेल |
| २ | जानु मोक्तान | अर्जुनधारा-६ | टेकराज मोक्तान | प्रितमबहादुर मोक्तान | विशाल श्रेष्ठ |
| ३ | सन्तोष सुब्बा | अर्जुनधारा-८ | नेत्र सुब्बा | चन्द्रबहादुर सुब्बा | बालकृष्ण घिमिरे |
| ४ | सन्तोष बोहोरा | याशोक-१, पाँचथर | तेजबहादुर बोहोरा | प्रतिलाल बोहोरा | तेजराज खनाल |
| ५ | तिलक बहादुर पौडेल | मेचीनगर-६ | खड्गबहादुर पौडेल | जयबहादुर पौडेल | माया पौडेल |

बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-५, झापा

# बेपत्ता परिवारले परिचयपत्र कहिले पाउँछन् ?

**काठमाडौं, साउन १०।** प्रतिनिधिसभाको मंगलवारको बैठकमा सांसदहरुले बेपत्ता परिवारलाई चाँडोभन्दा चाँडो परिचयपत्र उपलब्ध गराउन माग गरेका छन्।

बैठकको शून्य समयमा बोल्दै उनीहरुले बेपत्ता छानबिन आयोगबाट सिफारिस भएर आएका फायल अघि बढाइ पीडितलाई राहत दिन माग गरे। सांसद आशाकुमारी विकले १७ वर्ष पुगिसक्दा पनि बेपत्ता परिवारले परिचयपत्र पाउन नसकेको भन्दै तत्काल परिचयपत्रको व्यवस्था गरी पीडितलाई राहत दिन सरकारसमक्ष माग गरिन्।

सांसद इन्दुकुमारी शर्माले अहिले नेपालमा पाँच लाखभन्दा बढी नेपाली गैरकानूनी क्रिप्टोकरेन्सी कारोबारमा संलग्न रहेको र यसले बैंक तथा वित्तीय क्षेत्रमा पैसा अभाव हुन थालेको भन्दै यसलाई करको दायरामा ल्याउनुपर्नेमा जोड दिइन्।

सांसद कमला रोक्काले रुकुमपूर्वको देउखोलादेखि चीनको नाकासम्म जोड्ने रणनीतिक महत्वको सडक निर्माणमा ढिलाइ भइरहेको भन्दै सरोकारवाला निकायको ध्यानाकर्षण गराइन् । सांसद कलिला खातुनले गण्डकी प्रदेशका हरेक क्षेत्रमा गरिएको कर वृद्धिले जनतालाई समस्या भएको भन्दै संघीय सरकारले प्रदेश सरकारसँग समन्वय गरेर कर वृद्धि रोक्न ध्यानाकर्षण गराइन्।

सांसद कुमारी मेचेले किसानलाई चाँडो मल उपलब्ध गराउन माग गरिन्। सांसद कृष्णगोपाल श्रेष्ठले काठमाडौँको नागर्जुन नगरपालिका-८ मा हालै चितुवाको आक्रमणबाट एकै परिवारका धेरै व्यक्ति घाइते भएको र उक्त क्षेत्रको बफरजोनको पर्खाल भत्किएकाले जङ्गली जनावार गाउँ पस्ने क्रम बढिरहेकाले मर्मतका लागि सरकारको ध्यानाकर्षण गराइन्।

सांसद कृष्णकुमार दाहालले काठमाडौँको वैकल्पिक राजमार्गका रुपमा रहेको कान्तिपथ निर्माणमा किन ढिलाइ भइरहेको छ भनी प्रश्न गरे। सांसद कृष्णबहादुर राईले मतदाता नामावली सङ्कलन कार्यलाई सहज तुल्याउन सम्बन्धित निकायको ध्यानाकर्षण गराइन्।

सांसद केदार सिक्देलले कञ्चनपुरकी निर्मला पन्तको हत्या भएको चार वर्ष बितिसक्दा पनि अपराधी पत्ता लगाउन नसकेको भन्दै घटनामा संलग्न दोषी पत्ता लगाई कानूनी कारबाही गर्न सरकारसमक्ष माग गरे। सांसद खेमप्रसाद लोहनीले अरुण खोलाको बाढीबाट २४ वर्षीया शर्मिला रानामगरको निधन भएको भन्दै घटनाका पीडितलाई राहत दिन माग गरे।

सांसद गजेन्द्रबहादुर महतले सुर्खेत-जुम्ला सडक समयमै कालोपत्र गर्न माग गरे। सांसद गणेशकुमार पहाडीले सार्वजनिक सुनुवाइलाई कागजरहीत बनाउने चालू आवको बजेटमा व्यवस्था भए पनि अझै कार्यान्वयन नभएको भन्दै राहदानी, राष्ट्रिय परिचयपत्रलगायत महत्वपूर्ण कागजात पूर्ण डिजिटलाइज गर्नुपर्ने माग गरे।

सांसद गोमा देवकोटाले किसानले मल र विद्यार्थीले अझै पुस्तक नपाएको भन्दै तत्काल सहजीकरण गरिदिन सरकारसँग आग्रह गरिन्। सांसद गङ्गा चौधरी सदगौवाले निर्मला पन्तको हत्यारा पत्ता लगाई कानूनी कारबाही गर्न माग गरिन्। सांसद घनश्याम खतिवडाले स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाइनुपर्नेमा जोड दिए।

# 'विराटनगर जुट मिल पुनः सञ्चालन गरिन्छ'

**बिराटनगर, साउन १०।** उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दीलेन्द्रप्रसाद बडूले विराटनगर रानीस्थित विराटनगर जुट मिल पुनः सञ्चालन गरिने बताएका छन्।

विराटनगर विमानस्थलमा मंगलवार सञ्चारकर्मीसँग कुरा गर्दै उनले विराटनगर जुट मिल सञ्चालन गर्ने सम्बन्धमा निजी क्षेत्रका उद्यमी एवम् व्यापारीसँग आवश्यक छलफल गरी सञ्चालनको विधि तयार गर्ने जानकारी दिए। मन्त्री बडूले मुलुकमा रहेका रुग्ण उद्योग जनकपुर चुरोट कारखाना, हेटौँडा कपडा उद्योगलगायत के कसरी सञ्चालन गर्ने भन्ने सम्बन्धमा आवश्यक अनुगनमनपछि निर्णय गर्ने जानकारी दिए।

मन्त्री बडूले मुलुकको व्यापार घाटा कम गर्न निजी क्षेत्रको सहयोगमा आयात प्रतिस्थापन गरी उत्पादन वृद्धि गर्नुका साथै रोजगारी सिर्जना गर्ने विचार राखे। एक प्रश्नको जवाफमा उनले निजी क्षेत्रले बजेटमा कर वृद्धिसम्बन्धी गुनासो समाधान गर्ने धारणा राखे।

मन्त्री बडूले निजी क्षेत्रका उद्योग पूर्ण क्षमतामा सञ्चालनका लागि उद्यमीहरुलाई के कस्तो सुविधा उपलब्ध गराउनुपर्छ भन्ने विषयमा पनि आवश्यक छलफल गरी अघि बढ्ने बताए।

# रणबीरको 'शमशेरा'ले 'सुपरफ्लप' !

बलिउडको एकपछि अर्को आशातित फिल्म डुब्ने क्रम रोकिएको छैन। यस वर्ष 'जर्सी', 'पृथ्वीराज', 'ओम', 'जुग जुग जियो' जस्ता फिल्म पत्तासाफ भइसकेका छन्। यसैक्रममा, बलिउडको अर्को ठूलो फिल्म 'शमशेरा'ले पनि बक्सअफिसमा दम तोड्न थालेको छ। १० करोड २५ लाखको ओपनिङ विजनेश गरेको यो फिल्मले दोस्रो दिन १० करोड ५० लाख र तेस्रो दिन ११ करोड कमायो।

चौंथो दिनबाट फिल्मको कमाई पट्यारलाग्दो बनेको छ। सोमवार फिल्मको कमाईमा ७१ प्रतिशत गिरावट आएको छ। बलिउड फिल्मको बक्सअफिस अंक बताउने कोइमोइका अनुसार, फिल्मले चौंथो दिन जम्मा ३ करोड कमाएको छ। कमजोर प्रतिक्रिया पाएको फिल्मले अब कमाईमा उछाल



ल्याउने सम्भावना छैन। जसले गर्दा चार दिनमै फिल्मलाई 'सुपरफ्लप' भन्न थालिएको छ।

# दुर्गापुरमा जिल्ला स्तरीय बुद्धिचाल

**झापा, साउन १० ।** कनकाई नगरपालिका-७ दुर्गापुरस्थित जनकल्याण समाजले तीन दिवसीय जिल्लास्तरीय चेस प्रतियोगिता सम्पन्न गरेको छ।

झापा जिल्लाभरिका १२ बर्षदेखि ७२ बर्षसम्मका ४५ जना खेलाडीहरुले सहभागिता जनाएको सो प्रतियोगितामा दमकका प्रकाशचन्द्र नेपाल प्रथम, दमक-४का मिसन दाहाल द्वितीय, दमककै सुमन श्रेष्ठ तृतीय र काँकरभिट्टाका विश्वबिजय घिमिरे चौथो भएका थिए।

बिजयीहरुलाई क्रमशः नगद दश हजार, सात हजार पाँच सय र तीन हजारसहित ट्रफी र प्रमाण-पत्र प्रदान गरिएको थियो। त्यसैगरी राजन सुवेदी पाँचौ, दुर्गापुरका राज लिम्बू छैंठौ, दमकका विवेक बज्राचार्य सातौं, दमककै उमेश साह आठौं, दुर्गापुरका अमृत योङ्हाङ नवौं र शिवसताक्षीका यदु दाहाल दशौं भएका थिए।

पाँचौदेखि दशौं स्थानका बिजयी खेलाडीहरुलाई जनही दुई हजार, ट्रफी र प्रमाण-पत्र प्रदान गरिएको थियो। प्रतियोगितामा भेट्रानतर्फ मेचीनगरका इन्द्रप्रसाद सिग्देल, बालखेलाडीतर्फ कमल-५का निर्देश दङ्गाल, महिला तर्फ दमक-९का खुश्बू थापा र अनरेटेड खेलाडीतर्फ दुर्गापुरका तारानाथ बस्नेत क्रमशः नगद दुई हजार पाँच सय, दुई हजार र एक हजारसहित ट्रफी र प्रमाण-पत्रसहित पुरस्कृत भएका थिए।

झापा क्षेत्र नं. ४का सङ्घीय सांसद एलपी साँवाको प्रमुख आतिथ्य रहेको सो प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष मनोजकुमार थापाले गरेका थिए।

पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै विशिष्ट अतिथि कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले संस्थाले आयोजना गर्ने विभिन्न खेलकुद कार्यक्रमको निमित्त अक्षयकोष खडा गर्न आफ्नो एक महिनाको तलब ३५ हजार रुपैयाँ प्रदान गर्ने प्रतिवद्धता जनाएका थिए।

सो अवसरमा सल्लाहकार सदस्य अमृत योङ्हाङ, वडाध्यक्ष भीष्मभूषण सिटौला, खेल अर्विटर भूपेन्द्र निरौलाले मन्तव्य राखेका थिए। कार्यक्रम सञ्चालन मोहन तिम्सिनाले गरेका थिए।


## सर्पको टोकाइबाट बचौं र बचाऔं ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी नसुताई बसाएर लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफुक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## ठेकेदार ...

सार्वजनिक खरिद अनुगमनको कार्यालयले कालोसूचीमा राखेको हो।

व्यवसायी/आपूर्तिकर्ताले कालोसूचीमा राखिएको अवधिभर सार्वजनिक निकायको कुनै पनि खरिद कारबाहीमा भाग लिन नसक्ने कार्यालयले जनाएको छ। निर्माण व्यवसायीले भवन निर्माणको काममा ढिलासुस्ती गरेको, गुणस्तरहीन काम गरेको तथा भवनको ग्राउण्ड फ्लोरको पिलरको फेल भएको ल्याब रिपोर्टलाई पास भएको नक्कली ल्याब रिपोर्ट बनाएको खुलेपछि गाउँपालिकाले गत पुस ११ गते सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ बमोजिम भवन निर्माणसम्बन्धी ठेक्का रद्द गर्ने, निर्माण व्यवसायीलाई कालोसूचीमा राख्नेदेखि धरौटी असुल गर्नेसम्मको प्रक्रिया अघि बढाएको थियो।

गुणस्तर अनुसन्धान तथा विकास केन्द्र ललितपुरले प्रशासनिक भवनको संरचना निर्माणका क्रममा सम्झौता अनुसारको गुणस्तर कायम नगरेको औँल्याए पनि ठेकेदार कम्पनीका प्रतिनिधिले पास भएको नक्कली 'ल्याब रिपोर्ट' तयार पारेर पेस गरेपछि कारबाहीको प्रक्रिया अगाडि बढाइएको प्रमुख प्रशासकीय अधिकृत हीराकुमारी यादवले बताएकी छिन्। नक्कली ल्याब रिपोर्ट 'भेरिफाइ' नभएसम्मका लागि जनाउँदै गाउँपालिकाले गत भदौ १५ गते पत्राचार गर्दै काम रोक्न उक्त कम्पनीलाई पत्राचार गरे पनि ठेकेदारले प्रशासनिक भवनको पहिलो तलाको स्ल्याब ढलान गरिसकेको थियो।

गाउँपालिकाले प्रदेश सरकारसँगको अनुदानमा प्रशासकीय भवन निर्माणका लागि विसं २०७६ माघ २६ गते बोलपत्र आव्हान गरेको थियो। वि.सं २०७७ जेठ १४ गते प्रथमपटक सम्झौता गरिएको भवनको काम करिब ३० प्रतिशत सम्पन्न भइ निर्माण कम्पनीको लापरवाहीले अलपत्र परेको हो।

कोभिड-१९को महामारीका कारण भवन निर्माणको म्याद स्वतः २०७८ चैत मसान्तसम्म थपिएको थियो। रु. तीन करोड ६९ लाख ८५ हजार ८७३ मा बोलपत्र आव्हान गरिएको भए पनि सो निर्माण कम्पनीले मूल्य अभिवृद्धि करसहित रु. दुई करोड ६८ लाख ४३ हजार ३४६मा भवन निर्माण गर्ने ठेक्का पारेको हो।

विसं २०७७ चैत ३० गते पेश्की रु. २२ लाख ५० हजार फछ्र्यौट गरेको निर्माण व्यवसायीले रु. ३९ लाख ९० हजार ७५३ रनिङ बिलमार्फत भुक्तानी लिएको गाउँपालिकाका लेखापाल पङ्कज आचार्यले जानकारी दिए। ठेकेदार कम्पनीले निर्माणाधीन भवनको काममा लापरवाही गरेकाले गाउँपालिकाको तर्फबाट औपचारिकरूपमा पत्राचार गरेर निर्माणको काम तथा भुक्तानीलगायतका सम्पूर्ण प्रक्रिया रोकेको थियो।

गाउँपालिकाले ठेक्का तोड्नेदेखि धरौटी जफतसम्मका निर्णयविरुद्ध निर्माण व्यवसायी अदालत पुगेको थियो। तर निर्माण व्यवसायीको पक्षमा भएको अल्पकालीन अन्तरिम आदेशलाई उच्च अदालत पाटनले खारेज गरेसँगै निर्माण कम्पनीसँग ठेक्का तोड्नेदेखि धरौटी जफत गर्ने निर्णय कार्यान्वयन गर्ने कानुनी अड्चन हटेको थियो।

आरसिसी ढलानसहितको निर्माणाधीन प्रशासनिक भवनको पहिलो तला ढलान गरेर दोस्रो तलाका लागि तयारी गरिएको थियो। प्रशासनिक भवन निर्माणमा ठेकेदारको लापरवाही देखिएसँगै ठेक्का सम्झौता रद्द गरिएपछि निर्माणाधीन भवन अलपत्र बनेको छ।

## बालिकालाई ...

करणी गरेको अभियोगमा मेचीनगर नगरपालिका-१५ बिचार्नी टोल बस्ने २८ वर्षीय हरि राजवंशीलाई प्रहरीले पक्राउ गरेको छ।

राजवंशीले ती किशोरीलाई पटक-पटक जबरजस्ती करणी गरेको भन्ने जाहेरी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

## नक्कली ...

पारी पक्राउ गरेको हो।

उनी उपर मुद्रा सम्बन्धी (खोटा चलन) कसूरमा जिल्ला अदालत पर्साबाट सात दिन म्याद थप अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

## दमकको ...

२७ लाख २१ हजार रुपैयाँ खर्च भएको छ।

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६को दफा २१ (१) बमोजिम पारिश्रमिकको ज्याला भुक्तानी पालिकाले सम्वन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्वन्धित वडाध्यक्षको सिफारिस बमोजिम वैंक खातामा भुक्तानी गर्नुपर्ने हुन्छ। तर, दमक नगरपालिकाले त्यो नगरी डोर हाजिरी फारमबाट खर्च गरेको महालेखाले जनाएको छ।

## सहमतिमा ...

गर्नुको विकल्प नभएको बताए। राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला सभापति उमेश खरेलले प्रदेशलाई विवादमुक्त हुने गरी भूगोलको आधारमा नामकरण गर्नुपर्ने सुझाव दिए।

उनले सगरमाथा, कञ्चनजंघा, कोशीलगायत भूगोल प्रदेशको साझा पहिचान भएकाले यसैका आधारमा नामकरण गर्न सुझाए। उक्त पार्टीका जिल्ला सचिव प्रकाश पाठकले पनि जातीय पहिचानमा साझा सहमति जुटाउन नसके भूगोलको पहिचानमा साझा सहमति जुटाएर प्रदेशको नामाकरणको विवाद टुंग्याउन आग्रह गरे। कार्यक्रमका सहभागीले प्रदेशको नामसँगै संविधान अनुसार स्वायत्त क्षेत्र, विशेष क्षेत्र समेत तोकेर अघि बढ्नुपर्ने धारणा राखे।


MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको इजाजत प्राप्त संस्था)
प्रधान कार्यालय, धरान-१२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३६३१७/५३८३१७
Email:- info@miteribank.com.np

**कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना**

(प्रथमपटक प्रकाशित मितिः २०७९/०४/११)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको तपसिलका शाखावाट उपभोग गरेको कर्जाको साँवा र ब्याज भुक्तानीको म्याद समाप्त भइसकेको र लामो समय देखि बक्यौता रही रहेको हुनाले र कर्जा भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत हाल सम्म कर्जा चुक्ताभुक्तानी नगरेकोले आफूले लिएको कर्जा र सोमा लागेको व्याज तथा हर्जाना समेत यस शाखामा उपस्थित भई यथाशीघ्र चुक्ताभुक्तानी गर्नु होला भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा पनि कर्जाको सम्पूर्ण सांवा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तानी नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ ले दिएको अधिकार प्रयोग गरी लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असूलउपर गरी लिने व्यहोरा समेत ऋणी लगायत यस बैंकको अभिलेखमा रहेका देहायका सवै व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई जानकारी गराईन्छ। साथै तपसीलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता-भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालो सूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा सम्बन्धित ऋणी, धितो जमानतकर्ताको तिनपुस्ते विवरण सहितको नाम समावेश गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानतकर्ता र व्यक्तिगत जमानतकर्ता तथा सम्वन्धित अन्य सबैंलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल
सुरुङ्गा शाखा, झापा (०२३-५५२३११)

| ऋणीको नाम र ठेगाना | धितोको विवरण |
|---|---|
| **कर्जाको किसिम-**<br>**१. व्यक्तिगत**<br>१.ऋणीको नाम : मनोज साह<br>बाबुको नामः जयराम शाह<br>बाजेको नामः प्रेमलाल शाह<br>शिवसताक्षी-९, दूधे, झापा<br>ना.न. ०४।४०४<br>जारी मितिः २०६२।०५।१६, झापा।  | १.मालपोत कार्यालय दमक झापा मा दर्ता रहेको श्री गायत्री साह को स्वामीत्व भएको कि.न. १६५४४,२०१९९ क्षेत्रफल ०-०-६, ०-०-१.५० शिवगञ्ज-७ स्थित घर र जग्गा दृष्टिबन्धक पास।<br>**जमानकर्ता**<br>**ख) जमानतकर्ता**<br>नामः नाम : गायत्री शाह<br>वाबुको नामः सहदेव साह<br>पतिको नामः मनोज शाह<br>शिवसताक्षी-९, दूधे,झापा<br>ना.नं. ०४१०३० । २३३६<br>जारी मितिः २०६७।०९।०७ झापा  |

पुनश्च : यस बैंकबाट ऋण लिई किस्ता, व्याज समयमा नै नबुझाएका अन्य ऋणीहरुलाई समेत किस्ता तथा व्याज नियमित गर्नु हुन अनुरोध गर्दछौं। अन्यथा बैंकको नियमानुसार यसरी नै कर्जा असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।



MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको इजाजत प्राप्त संस्था)
प्रधान कार्यालय, धरान-१२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३६३१७/५३८३१७
Email:- info@miteribank.com.np

**धितोमा रहेको अचल सम्पत्ति सिलबन्दी बोलपत्रमार्फत लिलाम विक्री गर्ने बारेको ३५ दिने सूचना**

(प्रथमपटक प्रकाशित मितिः २०७९/०४/११)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट तपशिल बमोजिम कर्जा शीर्षक अन्तर्गत उपभोग गर्दै आएकोमा सो ऋण/कर्जा बापत बैकलाई बुझाउनु पर्ने व्याज रकम समयमा नबुझाइ बैकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरु उल्लंघन गरेको तथा ऋणीलाई पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले सोको पूर्ण वेवास्ता गरेकोले ऋणी,जमानतकर्ता लगायत ऋण/कर्जा संग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्न मिति २०७९/०२/०६ गतेको राष्ट्रिय पूर्वाञ्चल दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आजसम्म उक्त कर्जाको साँवा र सोमा लागेको व्याज चुक्ता भुक्तान गर्नेतर्फ तपशिलमा उल्लेखित ऋणीले कुनै ध्यान नदिएकोले निज ऋणीहरुले लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनु हुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सुचनाद्वारा जानकारी गराएका छौं। धितोमा रहेको तपशिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संघ सस्थाले बैंकको प्रधान कार्यालय धरान र शाखा कार्यालय सुरुङ्गास्थित कर्जा बिभागबाट प्राप्त हुने बोलपत्र फार्म रितपूर्वक भरी गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सोही कार्यालयमा बुझाउनु सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र दर्ता गर्ने अन्तिम दिनको भोलिपल्ट बोलपत्र खोलिने छ। बोलपत्र दर्ता गर्न अन्तिम दिन वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगतै बैक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने वा बोलपत्र खोलिने छ।

तपसील
सुरुङ्गा शाखा, झापा (०२३-५५२३११, ९८०२३०२७४७)

| व्यक्तिगत कर्जा | |
|---|---|
| **ऋणीको नाम : दिलबहादुर भण्डारी**<br>बाबुको नाम : हितमान भण्डारी<br>बाजेको नाम :मान विर भण्डारी<br>दमक न.पा.- ०३ ,झापा।<br>नागरिकता नं. २४०३१।८९४<br>जारी मितीः २०५१।०६।०४, तेह्रथुम।  | **जमानतकर्ता : जीवन कुमारी भण्डारी**<br>वाबुको नामः गंगा बहादुर बोहोरा<br>पतिको नामः दिल बहादुर भण्डारी<br>दमक न.पा.-०३ ,झापा।<br>नागरिकता नं. ४२०८१<br>जारी मितीः २०६०।१२।०५, तेह्रथुम।  |
| **लिलाम बिक्री हुने सम्पतिको बिबरण :**<br>१. मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको श्री जीवनकुमारी भण्डारीको स्वामित्व भएको झापा जिल्ला सुरुङ्गा गा.वि.स. वाड नं ७ स्थित कित्ता न. २३७९ र २३८० क्षेत्रफल ०-१-० र ०-१०-० भएको जग्गा र कित्ता नं २३७९ मा बनेको १ (एक) तले पक्की घर समेत मालपोत कार्यालय भद्रपुर झापामा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको। | |
| **सिलबन्दी बोलपत्र बुझाउने अन्तिम मिति :** २०७९/०५/१४ गते दिउंसो ४ बजे सम्म।<br>**सिलबन्दी बोलपत्र बुझाउने स्थान :** मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, प्रधान कार्यालय, महेन्द्रपथ धरान-१२, सुनसरी र शाखा कार्यालय सुरुङ्गा, झापा।<br>**सिलबन्दी बोलपत्र खोल्ने स्थान :** मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, शाखा कार्यालय सुरुङ्गा, झापा।<br>**सिलबन्दी बोलपत्र खुल्ने मिति :** २०७९/०५/१४<br>**सिलबन्दी बोलपत्र खुल्ने समय :** दिउँसो २ बजे। | |

पुनश्च : यस बैंकबाट ऋण लिई किस्ता, व्याज समयमा नै नबुझाएका अन्य ऋणीहरुलाई समेत किस्ता तथा व्याज नियमित गर्नु हुन अनुरोध गर्दछौं। अन्यथा बैंकको नियमानुसार यसरी नै कर्जा असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# नागरिकता विधेयक विवादमै

**लामो समयदेखि विवाद, चर्चा र चासोको विषय बन्दै आएको नागरिकता विधेयक अब पारित भएर कार्यान्वयनको चरणमा आउने संकेत देखिएको छ । कुनै पनि देशको अस्मिता, परिचय र अस्तित्वसँग जोडिएको नागरिकताको विषय अन्ततः राजनीतिक स्वार्थको माखे साङ्लोका बीच प्रतिनिधिसभा हुँदै राष्ट्रियसभामा पुगेको छ । खासगरी सत्तारुढ गठबन्धनका दलहरुले आफ्नो राजनीतिक अभीष्ट पूरा गर्नकै लागि हतार–हतारमा नागरिकता विधेयक ल्याएर प्रतिनिधि सभाबाट पारित गराए । राष्ट्रिय स्वाधीनतासँग समेत जोडिएको अत्यन्त संवेदनशील विधेयक नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादी पार्टीले समर्थनसहित पारित गरेका थिए । सो विषयमा प्रमुख प्रतिपक्षी दल एमाले लगायतका राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टीले नागरिकताको विषयमा प्रस्तुत कतिपय बुँदाहरुमा असहमति जनाएका छन् । राष्ट्रिय स्वाधीनता र स्वतन्त्र अस्तित्वसँग सम्बन्धित यस्तो विषयमा दलहरुबीच सहमति खोज्नु राष्ट्रको हितमा हुन्छ ।**

**नागरिकता ऐन ०६३ लाई संशोधन गर्न बनेको विधेयकमा वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्न विवाहपछि लगातार सात बर्ष नेपालमै बसोबास गरेको हुनुपर्ने प्रावधान थियो । अहिले त्यही प्रावधान हटाएर विदेशी दुलहीले तत्काल नागरिकता पाउने व्यवस्था गरिएको छ । त्यस्तै हिजोसम्म जन्मसिद्ध नागरिकता प्राप्त गरेका करिब पौने दुई लाख नागरिकका सन्तानले नयाँ प्रावधान अनुरुप बंशजको नागरिकता पाउने छन् । राष्ट्रियसभाले समेत पारित गरेको खण्डमा सो विधेयक राष्ट्रपतिबाट स्वीकृत भई कार्यान्वयनमा आएको अवस्थामा नेपाली नागरिक आमाबाट नेपालमा जन्मिएका, नेपालमै बसोबास गरेका, बाबुको पहिचान हुन नसकेको व्यक्तिले समेत आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने छन् ।**

**नागरिकता प्राप्त गर्नु एउटा नागरिकको नैसर्गिक अधिकार हो । त्यसकै आधारमा राज्यबाट सेवासुविधा प्राप्त गर्न सकिने भएकाले यसको प्राप्तिमा बन्देज लगाइनु हुँदैन । तर यही विषयलाई राजनीतिक दलहरुले मिलीभगत गर्नु वा राजनीतिक स्वार्थ पूरा गर्ने प्रयास गर्नु उचित हुँदैन । यद्यपि नागरिकताको विषय संवेदनशील विषय हो । त्यसैले यसलाई हल्का रुपले लिन पाइँदैन । र, कुनै योग्य नागरिकलाई बर्षौंबर्ष नागरिकताविहीन बनाउन पनि मिल्दैन । यसो भन्दैमा दुई ठूला देशको बीचमा रहेको र आफ्नो भू–राजनीतिक अवस्थाको ख्याल नगरी दिइने नागरिकताले देशलाई संकटमा पुर्‍याउँछ भन्ने बिर्सन पाइँदैन । खुल्ला सीमानाका कारण नेपालमा पर्न सक्ने असरको मूल्यांकन गर्दै व्यापक छलफल र आमसहमतिबाट नागरिकता विधेयक पारित गरिनु राष्ट्रको पक्षमा हुन्छ ।**

# सीमाना व्यवस्थापनमा तारबार



**ध्रुवहरि अधिकारी**

प्रधानसेनापति प्रभुराम शर्माको असार २३ गतेको एक मन्तव्यले एक प्रकारको तरङ्ग ल्याएको सङ्केत भोलिपल्ट, पर्सिपल्टका छापा र अन्य केही सञ्चारमाध्यमले दिएका हुन्। त्यसयता यो चर्चा बाक्लिएको छ। सीमा व्यवस्थापन दिनानुदिन टड्कारो चुनौति हुँदै आएको परिप्रेक्ष्यमा यो विषय बहसमा आउन अनौठो होइन। गतिलो बारबन्देजले असल छिमेकी बनाउँछ, भन्ने महारथी शर्माको कथन अङ्ग्रेजीमा प्रचलित एक अभिव्यक्ति हो, 'गुड फेन्सेस मेक गुड नेवर्स।' महारथी शर्माले यसै क्रममा थपेको देखियो, यसो भए तापनि अन्तर्राष्ट्रिय सम्बन्धहरूको परिदृश्यमा अन्तर्राष्ट्रिय सीमाका आ-आफ्नै विशिष्टता र जटिलता रहने गरेको सर्वविदितै छ।

चर्चित मन्तव्य नेपाली सेनाकै 'सीमा अनुगमन तथा सर्भे निर्देशनालय'द्वारा आयोजना गरिएको दुई दिने गोष्ठीको आखिरी दिनमा आएको रहेछ। सेना र सुरक्षाका अन्य निकाय, प्रत्यक्ष सरोकार भएका गृह, रक्षा, सिञ्चाइ, नापीलगायतका मन्त्रालय तथा विभागका अधिकृतहरू तथा सीमाविद् र कानूनविद्हरू सहभागी भएको कार्यक्रममा सेनाप्रमुखबाट सीमा सम्बन्धी विशद चर्चा न अस्वाभाविक हो न त अनुचित नै।

'विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा' भन्ने पदावली नेपालका सबैजसो कानूनमा लेखिएको हुन्छ। सेनाप्रमुख शर्माले अबको समयमा जमिनको सीमाना व्यवस्थापन मात्रले पुग्दैन, आकाशको सीमा-सुरक्षाको आवश्यकता समेत औँल्याएको कुरा 'नयाँ पत्रिका' (२४ असार) पढ्नेहरूले थाह पाएको हुनुपर्छ। स्पष्टै छ, नेपालको सेनाका प्रमुखले सीमा सुरक्षाको विषयलाई फराकिलो परिवेशमा लेखाजोखा गर्नुपर्छ भन्नु सर्वथा सकारात्मक मान्नुपर्छ।

साथै, सीमानाको विषय नेपाली सेनाको क्षेत्राधिकारभित्रको मामिला भएकाले सेनाप्रमुखले यसबारे सुसङ्गत दृष्टिकोण निर्माण गराउने प्रयास गरेको हुनुपर्छ। २०७२ सालको संविधानमा नेपालको भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको जिम्मेवारी सेनालाई दिएको छ (धारा २६७)। यही दायित्व पूरा गर्ने क्रममा सम्बन्धित निर्देशनालय क्रियाशील भएको हुनुपर्छ। नेपालको भूमि कालापानी-लिपुलेक-लिम्पियाधुरा नेपालले भोग-चलन गर्न नपाएको स्थितिबाट कोही अनभिज्ञ छैन, नेपाली सेना त अपवाद हुने कुरै आएन।

**जिज्ञासाको परिधि**

प्रधानसेनापति शर्माले तारबारको प्रसङ्ग उप्काउँदा 'काँडेतार' शब्द उल्लेख गरेको देखिँदैन, भनौँ प्रकाशित समाचारले त्यसको पुष्टि गर्दैन। निर्माण व्यवसायी, सीमाविद् र अन्य विज्ञले अन्यत्रका प्रचलनलाई हेरेर काँडेतारको चर्चा गरेको हो भने त्यो अनौठो कुरो भएन। हो, दिल्लीका नयाँ राजदूतले महारथी शर्मासँग भेटवार्ता गर्दा तारबारको सम्बन्धमा जिज्ञासा राखेको अनुमान गर्न सकिन्छ तर महामहिम नवीन श्रीवास्तवबाट नेपाली सेनाको त्यस्तो योजना नै रहेछ भने पनि विरोध चाहिँ भएन होला। किनभने भारत आफैँले बङ्गलादेशसँगको साँध छुट्याउँदै चार हजार ०९६.७ किलोमिटरको सीमा क्षेत्र बन्द गर्न काँडेतारकै उपयोग गरेको छ। त्यस्तै पाकिस्तानसँगको तीन हजार ३२३ किलोमिटर लामो सीमा पनि काँडेतारद्वारा नै नियन्त्रित राखिएको छ।

बङ्गलादेशसितको अधिकांश सीमावर्ती इलाकामा आठ फिट अग्लो तारबार जङ्गल, पहाड, खेतबारी र नदीनाला छिचोल्दै गाडिएको छ। खोलानाला र अन्य असजिला स्थानमा वैकल्पिक प्रविधिद्वारा सीमा-नियन्त्रण गरिएको छ, गरिँदैछ। पोहोर साल यसैताका भारतका गृहमन्त्री अमित शाहले पाकिस्तान र बङ्गलादेशतर्फ गरी करिब सात हजार ५०० किलोमिटरको सीमाना बन्द (सिल्ड) गर्ने काम सन् २०२२ को अन्त्यसम्म गराइसक्ने अठोट प्रकट गरेको जानकारी प्रेस ट्रस्ट अफ इन्डिया (पीटीआई)को हवाला दिएर भारतको प्रेसमा विवरणहरू छापिएका थिए। दिल्ली विशेषतः पूर्वी र पश्चिमी देशबाट असंख्य आप्रवासी छिर्ने, तीमध्ये कतिपयले भारत पसेर आतङ्कवादी गतिविधि गर्ने, साना हातहतियार अवैध ओसारपसार गर्ने, मुद्रा र लागूपदार्थको गैरकानूनी कारोबार गर्नेजस्ता घातक पक्षबारे निरन्तर सतर्क रहन खोज्दछ।



त्यसैले घनाबस्ती नजिकका नाकामा प्रवेशद्वारहरू राखेर स्थानीय बासिन्दालाई पारपत्रका आधारमा मात्र आउजाउ गर्न दिने बन्दोबस्त गरिएको छ। बङ्गलादेशसँग सीमा जोडिएका भारतीय राज्यमा पश्चिम बङ्गाल, आसाम, मेघालय, मिजोरम र त्रिपुरा पर्दछन्। सीमा व्यवस्थापनमा अनेक चुनौति आउँछन् तर त्यसबाट हच्किनु हुँदैन भन्ने दिल्लीको मान्यता छ। हालैका वर्षमा दिल्लीले भारत-भुटानबीचको ६९९ किलोमिटर सिमानाको 'संवेदनशील' मानिएको ३५ किलोमिटर खण्डमा पनि काँडेतारकै बार लगाउने योजना कार्यान्वयनमा ल्याउँदैछ। यो खण्ड आसाम राज्यको कोक्राझार जिल्लासँगको सीमानामा पर्दछ।

**प्रचलनको पक्ष**

सीमानामा तारबारको चलन संसारका धेरै देशमा छ। जस्तो, चीन र मङ्गोलियाबीचको चार हजार ७१० किलोमिटरको सीमावर्ती क्षेत्र। संयुक्त राज्य अमेरिका र मेक्सिकोबीचको करिब तीन हजार २०० किलोमिटरको सीमाना। अवैध आप्रवासीको प्रवेश रोक्न राष्ट्रपति छँदा त डोनाल्ड ट्रम्पले मेक्सिकोतर्फको सिमानामा पर्खाल नै लगाउने परियोजना शुरु गरेका हुन्। अमेरिकाले क्यानडातर्फको सीमाना भने खुला राखेको छ, यद्यपि त्यहाँ पनि पारपत्र/परिचयपत्र नभइकन ओहोरदोहोर गर्न पाइँदैन। त्यो पनि तोकिएका गौँडा, नाकाबाट मात्र। कोभिड-१९को प्रकोपका बखत आवतजावत नियन्त्रण गर्ने क्रममा पनि तारबारको लगाउने चलन बढेको हो। बुल्गेरियाले टर्की र ग्रिससँगको सिमानामा तारबार लगाएको घटना यस्तै एउटा उदाहरण हो, यद्यपि यी तीनवटै युरोपेली देश पश्चिमीजगत्को सैनिक गठबन्धन 'नेटो'का सदस्य हुन्।

यतिन्जेल भारत-चीन, भारत-म्यानमार, भारत-नेपाल र भारत-भुटानका सीमा क्षेत्र तारबारमुक्त छन्। फरकफरक नामबाट सञ्चालित सीमा सुरक्षाका एकाइहरू (एसएसबी, बीएसएफ आदि)ले यी सीमानाहरूको निगरानी गर्दै आएका छन्। हिमालय क्षेत्र आफैँमा एक प्रकारको दोसाँध हो। ज्ञातव्य छ, सन् १९६२ को लडाइँयताको भारत-चीन सीमा विवाद सुल्झिन बाँकी नै छ र, हालैका वर्षमा पूर्वमा भुटान निकटको डोक्लाम क्षेत्र र पश्चिममा लद्दाख भारत र चीनबीच थप तनावका इलाका हुन पुगेका छन्। यस पृष्ठभूमिमा दिल्ली सीमा नियन्त्रणको मामिलामा अहिलेसम्मका सुरक्षा विषयक मूलभूत मान्यतामा नै पुनर्विचारतर्फ उन्मुख भयो भने त्यसलाई आश्चर्य नमाने हुन्छ। चालू व्यवस्था प्रभावकारी देखिएन भने विकल्प सोच्नु अपरिहार्य हुन जान्छ।

हाल नेपाल र भारतबीचको एक हजार ८०० किलोमिटरभन्दा लामो सिमाना तारबारमुक्त छ। अर्थात् सीमानालाई अव्यवस्थित राखिँदै आएको छ र यही अव्यवस्थालाई 'खुला' भन्ने गरिएको छ। यसरी अन्तर्राष्ट्रिय सिमाना अव्यवस्थित राखिरहनुको पक्षमा दिइँदै आएका मुख्य कारण यी हुन् :

- यो युगौँदेखिको परम्परा हो।
 निकटको सांस्कृतिक आयाम छ।
- सन् १९५० को नेपाल-भारत सन्धि मातहत खुला राखिनु परेको हो।
- सिमाना वारिपारिका बस्ती, इलाकाका बासिन्दाबीच बिहाबारी चल्छ।
- धार्मिक समानताका कारण बाक्लो आवातजावत सहज रहनुपर्छ।

थेग्न सकिने हदसम्म परम्परा धान्ने हो, नसकिने भएमा अन्य उपाय खोज्नुपर्ने हुन्छ। सन् ५० को सन्धिका १० धारामध्ये कुनै धारामा पनि सिमाना खुला राख्नुपर्छ भनिएको छैन। राहदानी (पासपोर्ट)को चलन सन् ५० को सन्धि हुनुअघिदेखिकै प्रचलन हो, जसको पुष्टि सार्वजनिक रूपमा उपलब्ध अभिलेख, दस्तावेजहरूले गरेकै छन्। अब बिहाबारी सीमावर्ती सहर, बस्तीहरूमा सीमित रहेन। कुनै निस्सा वा पारपत्र लिएर मात्र ओहोरदोहोर गर्न पाइने नियम लागू हुँदैमा बिहाबारीका सिलसिला रोक्न खोजियो भन्ने अर्थ लगाउन मिल्दैन। अमेरिका र क्यानडाको दृष्टान्त हेरे भइगो। नेपालका मानिस भारततिर तीर्थाटनमा जाने र उताका नरनारी धार्मिक यात्रामा नेपालतर्फ आउने चलन चलिरहन्छ, खाली यात्रुले आफ्नो परिचय खुलाउने निस्सा साथमा राख्नुप-यो। यति गर्ने प्रावधान राखिँदैमा आत्तिनुपर्ने कारण देखिँदैन। बृहत्तर राष्ट्रिय हितमा उठाइने कदमलाई समुदाय विशेषको स्वार्थ अनुकूल नहुने भयो भनेर विरोध गर्नु उचित हुँदैन।

**धरातलीय यथार्थ**

यथार्थमा सीमाना अव्यवस्थित राखेर 'खुला'को थेगो समातिरहँदा दिल्लीलाई पनि नोक्सान छ। किनभने त्यही कारणले समयसमयमा उसले चर्को आलोचना खेप्नु परिरहेको हुन्छ। जस्तो, २३ असारकै गोष्ठीमा साबिकको प्रबुद्धजन समूह (ईपीजी)का सदस्य सूर्यनाथ उपाध्यायको यस्तो टिप्पणी आएको रहेछ, खुला सीमा हुँदा भारतले नेपालमा हरेक किसिमका हस्तक्षेप गर्न पाउँछ। त्यसैले उसले सीमा नियमनलाई बेवास्ता गर्दै आएको छ। त्यस्तै दीपकुमार उपाध्यायसँग नेपालको राजदूत भएर दुईपल्ट दिल्लीमा काम गरेको अनुभव छ। चर्चित गोष्ठीमा निजको भनाइ पनि उस्तैउस्तै रहेछ, 'सीमाना नियमनको कुरा बेलाबेलामा भारतले पनि उठाउँछ तर व्यवहारमा भने अनिच्छुक। (नागरिक अनलाइन, २५ असार)

तार, बार, सडक, नहर अथवा पर्खाल ठाउँअनुसार तय गरिने कुरा हुन्। सन् १९८९ सम्म 'बर्लिनको पर्खाल'ले पूर्व र पश्चिम जर्मनी छुट्याउने गर्थ्यो। जहाँसम्म सीमा-नियन्त्रणको कुरो छ, त्यो समसामयिक परिस्थितिको माग हो। अनि अर्को अनुभवसिद्ध बुँदा हो, नेपाल सरहदमै बसोबास भएका एकथरी मानिसलाई सिमाना व्यवस्थापनको प्रस्ताव काठमाडौँले अघि बढाउन खोज्यो भने सन्देह उत्पन्न हुन्छ तर त्यस्तै किसिमको पहल दिल्लीले गर्‍यो भने चाहिँ तिनलाई असहज महसुस हुँदैन। अचम्म छ! यस्तो सोचमा बाँच्ने बानी परेका मानिसलाई परिवर्तित परिवेश बुझ्न र यथार्थवादी बन्न मद्दत गर्ने अध्ययन सामग्री अब बिस्तारै भारतको बौद्धिक समुदायबाट आउन थालेको छ। विश्वव्यवस्थामा आइरहेको परिवर्तन र फेरिँदो अन्तर्राष्ट्रिय समीकरणलाई ध्यानमा राख्दा उदीयमान विश्वशक्ति चीनको छिमेकमा भएका देशहरूले सुरक्षासम्बन्धी आफ्ना प्राथमिकता पुनः निर्धारण गर्नु आवश्यक ठानिँदै छ।

यस्तो धारणा प्रवाह गर्ने भारतका सुरक्षाविज्ञमध्येका एक हुन् भूराजनीतिक विश्लेषक पथिकृत पाइन् रु। उहाँ बरोबर भन्नुहुन्छ/लेख्नुहुन्छ, नेपाल र भुटानमा चीनको चासो गहिरो हुँदै गएको हुनाले भारतले ती देशका सीमा सुरक्षालाई मजबुत तुल्याउने बेला भएको छ। यसको थालनी नेपाल र भुटानका सिमानामा तारबार लगाएर गर्नुपर्छ। उहाँ थप्नुहुन्छ- हो, यी दुई सिमानामा तारबार लगाउन सजिलो छैन। विशिष्ट पहाडी भू-बनोट छ र ठाउँठाउँमा सीमारेखा तय गर्ने चुनौति आइपर्न सक्छन्। सीमा वारिपारिका गाउँबस्तीका समुदायले नाता सम्बन्ध, साझा चाडपर्व, बिहाबारीलगायतका कुरा निकालेर असन्तुष्टि जनाउँदै यस कार्यको विरोध पनि गर्न सक्छन् तर जेसुकै भए पनि अब तारबार लगाउने र त्यसलाई आवश्यक संरचना निर्माण गर्न ढिलाइ गर्नुहुँदैन। आन्तरिक सुरक्षा प्रणालीलाई बलियो र दिगो पार्ने बृहत्तर राष्ट्रिय हितको सन्दर्भमा अन्य कुरा गौण हुन्।

यस पृष्ठभूमिमा तारबारबारे ताजा चर्चा आएको छ, जसलाई नेपालका लागि अनुकूल नै मान्नुपर्छ। हो, दोसाँधमा छेकबार हाल्नु मात्र समाधान होइन तर यो सीमा व्यवस्थापनको मुख्य आधार हुने कुरामा भने सन्देह रहँदैन। दुवै पक्षको सहमति र समझदारीबाट यो काम अघि बढेमा नतिजा प्रभावकारी हुनु अपरिहार्य छ। तसर्थ जति चाँडो धरातलीय यथार्थ बुझेर काम आरम्भ गर्न सक्यो उति जाति। गोप

# बृद्धबृद्धालाई खाद्यान्न वितरण



**बिर्तामोड, साउन १०।** झापाको बिर्तामोड-४को नरबहादुर कर्माचार्य स्मृति बहुप्राविधिक शिक्षालयले बृद्धाश्रममा आर्षित बृद्धबृद्धालाई खाद्यान्न बितरण गरेको छ।

शिक्षालयले बिर्तामोड-४को परोपकार तथा अनुसन्धान केन्द्रद्वारा सञ्चालित बृद्धाश्रममा रहेका बृद्धबृद्धालाई खाद्यान्न वितरण गरेको हो। शिक्षालय नरबहादुर कर्माचार्यको ९औं स्मृति दिवसको अवसर पारेर बृद्धाश्रममा आर्षित बृद्धबृद्धालाई खाद्यान्न सामग्री वितरण गरेको हो।

समाजलाई रुपान्तरण र सशक्त बनाउनुपर्ने साथै राम्रो आचारण र सुखी समाजको परिकल्पनाकार समेत रहेका स्व. कर्माचार्यको सोच तथा बिचारलाई सार्थक बनाउने उद्देश्यले प्रत्येक बर्ष उनको स्मृतिमा रचानात्मक कार्य गर्ने नरबहादुर कर्माचार्य स्मृति बहुप्राविधिक शिक्षालयका अध्यक्ष ज्योतिसिंह दर्लामीले जानकारी दिए।

कर्माचार्य नेपाल कम्युनिष्ट पार्टीका संस्थापक समेत हुन्। कर्माचार्य कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठ, नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द बैद्य र नारायण विलास जोशी मध्ये एक हुन्। उनको स्मृतिमा स्थापना भएको नरबहादुर कर्माचार्य स्मृति बहुप्राविधिक शिक्षालयले बाली, पशु र बनका बिषयमा शिक्षा प्रदान गर्दै आएको बताउँदै होटल म्यानेजमेन्ट र फार्मेसी पनि सञ्चालनमा ल्याउने तयारी अध्यक्ष दर्लामीले बताए।

शिक्षालयका अध्यक्ष दर्लामीको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व सञ्चारमन्त्री तथा नेकपा (माओवादी केन्द्र) प्रदेश नं. १ का इन्चार्ज राम कार्की (पार्थ) को प्रमुख आतिथ्य रहेको थियो। प्रमुख अतिथि रहेका कार्कीले शिक्षालयमा अध्ययनरत् बिद्यार्थीले दिनमा एक घण्टा बृद्धाश्रममा आएर बुवाआमाको सेवा गर्न आग्रह गरे। उनले दिनमा एक घण्टा पनि नभए बर्षमा २० घण्टा एकजना बिद्यार्थीले बृद्धाश्रममा आएर बृद्धबृद्धाको सेवा गर्नु पर्नेमा जोड दिए। कम्युनिष्टकै जनप्रतिनिधि उक्त नगर तथा वडामा भए पनि बृद्धाश्रमका लागि खासै कार्य नगरेको प्रति कार्कीले दु:ख व्यक्त गरे। बृद्धबृद्धालाई खाद्यान्न प्रदान गर्दै कार्कीले आफूले सकेको सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गरे।

कार्यक्रममा परोपकार तथा अनुसन्धान केन्द्रद्वारा सञ्चालित बृद्धाश्रमका कार्यालय सचिव बेनुप्रसाद भट्टराईले आश्रममा हाल १२ जना बृद्ध र १४ बृद्धा गरी जम्मा २६ जना बुबाआमा आर्षित रहेको जानकारी दिए। त्यस्तै उनीहरुको स्यारसुसारका लागि ४ जना कर्मचारी रहेको बताए। विभिन्न संघ-संस्था तथा व्यक्तिहरुको सहयोगले आश्रम चलिरहेको उनको भनाइ थियो।

### कचनकवलमा सामुहिक किशोरी झुण्डिएको घटना

# तीनै जनाको दाहसंस्कार, कारण खोज्दै प्रहरी

**पार्थ मण्डल**

**झापा, साउन १०।** एउटै रुखमा तीन जना किशोरी एकैपटक किन झुण्डियो भन्दै नेपाली प्रहरी कारणको खोजीमा छ।

झापाको कचनकवल गाउँपालिका-५ स्थित दल्लेगाउँ नजिकैको सुनकोसी चिया बगानसँगै बगेको झिङ खोलाको किनारमा रहेको बयरको रुखमा सोही ठाउँका पञ्चम गणेशकी १६ वर्षीय छोरी करिना, पुवालु गणेशकी १७ वर्षीय छोरी अञ्जली र बिरबल गणेशकी १७ वर्षीय छोरी कल्पना कुमारी आइतबार बिहान साढे ७ बजे झुण्डिएको अवस्थामा मृत फेला परेको थियो।

एकै परिवारका नभई अलग-अलग परिवारका तीन जना किशोरी एकैपटक जीवन त्याग्ने बारे कसरी सहमति जुटाएकी होला भन्दै हामी प्रहरी मात्र नभई स्थानीय पनि आश्चर्यचकित परेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक (डीएसपी) वसन्त पाठकले जानकारी दिए।

'घटनास्थलमा मेरै नेतृत्वमा टोली पुगेर सबै कानूनी प्रक्रिया गरी शवलाई रुखबाट निकालेर शव परीक्षणका लागि वीपी मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाएको बताउँदै डीएसपी पाठकले भने- 'ती किशोरीहरूको शवको पोस्टमार्टम गरी परिवारजनलाई आइतबार राति नै शव जिम्मा लगाइसकेका छौँ।' धरानबाट पोस्टमार्टमको आधिकारिक रिपोर्ट भने हामीले पाएका छैनौँ। 'शवहरूको पोस्टमार्टम गर्ने चिकित्सकलाई सम्पर्क गर्दा आत्महत्याबाहेक अन्य कुनै कारण देखा नपरेको जानकारी प्राप्त भयो'- उनले भने। अहिले नै केही भन्न सकिँदैन। 'आत्महत्याको कारण खोज्न १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरको (आरआइटी), प्रहरी कार्यालय झापा र इलाका प्रहरी



कार्यालय बनियानी टोली आइतबारदेखि नै खटाइएको छ। घटनाको प्रकृति हेर्दा अनौठो छ, सायद नेपालमै यस्तो घटना पहिलो हुनुपर्छ, उनले भने- 'यसभन्दा अघिका सामुहिक झुण्डिएका आत्महत्या प्रेमी-प्रेमीका वा एकै परिवारका सदस्य हुन्थ्यो, यो घटना अलि फरक छ, त्यसैले गहिरिएर अनुसन्धान गरिरहेका छौं।' 'घटनास्थलको विषयवस्तु र पोस्टमार्टम रिपोर्ट बुझ्दा अहिलेसम्म ठोस् प्रमाण भने फेला परेको छैन'- उनले थपे। ती किशोरीसँग काम गर्ने अन्य महिला मजदुरसँग पनि हामीले सोधपुछ गरिरहेको उनले बताए। गरिबीको पाटो पनि हामीले निलाइरहेको उनको भनाइ छ।

यता तीनै किशोरीको छुट्टाछुट्टै समयमा दाहसंस्कार गरिएको छ। सोमबारराति १ बजे धरानबाट तीनै जनाको शव आएको थियो। अञ्जलीको दाहसंस्कार मेची नदी किनारमा राति नै गरेको थियो। करिना र कल्पनाको झिङ खोला किनारमा सोमबार बिहान अलग अलग समयमा गरिएको गाउँपालिकाका उपाध्यक्ष नवराज भट्टराईले जानकारी दिए। लास गन्हाइसकेकोले परिवारजनले आ-आफ्नो तरिकाले दाहसंस्कार गरेको हो। अञ्जलीको किरियामा उनका दाजु धमेन्द्र गणेश, कल्पनाको क्रियामा उनका दाजु कुमार गणेश र करिनाको क्रियामा उनका बुबा पुवालु गणेश बसेका छन्। तीनै किशोरीका परिवार अत्यन्त गरीब समुदायको हो। ती परिवारलाई किरिया गर्ने खर्च पनि अभाव देखिएको छ। गाउँपालिकाले सोमबार ती परिवारहरूको घरमै पुगेर एक/एक बोरा चामल, २/२ केजी दाल, नुन र तेल दिएको गाउँपालिकाका उपाध्यक्ष भट्टराईले बताए।

शव पोष्टमार्टमका लागि घरान पठाएको तीन वटा गाडीको खर्च गाउँपालिकाले व्यहोरेको बताउँदै उनले भने- 'छिट्टै ती परिवारलाई गाउँपालिकाले उचित नगद रकम हस्तान्तरण गर्नेछ। 'परिवारमा धेरै सदस्य, काम गर्ने मान्छे नहुँदा उनीहरूको परिवारको आर्थिक अवस्था दयनीय छ'- उनले भने- 'ती किशोरीहरूले बगानमा काम गरेर परिवार पाल्न सहयोग गर्थिन्।' गरिबीकै कारण उनीहरूले सामुहिक आत्महत्या गर्‍यो कि भन्ने आशङ्का पनि उब्जिएको उनले बताए।

# भाइरल ज्वरोका बिरामी बढेपछि विद्यालय बन्द

**इलाम, साउन १०।** रुघाखोकी र ज्वरो बढेपछि इलामका बिद्यालयहरू बन्द गर्न थालिएका छन्।

पछिल्ला दिन जिल्लाभरि नै रुघाखोकीसहित ज्वरोका बिरामी बढ्न थालेका छन्। केही समयअघि इलाम नगरपालिकाभित्रका निजी सबै विद्यालय बन्द गरिएको थियो।

पछिल्लो समय सूर्योदय नगरपालिकामा सञ्चालित पञ्चकन्या अंग्रेजी विद्यालय र एभरल्यान्ड इन्टरनेशनल एकेडेमीमा बन्द गरिएको छ। एक साताका लागि विद्यालय बन्द गरिएको हो। परीक्षा सञ्चालन भइरहेका अवस्थामा पनि बिद्यालय बन्द गर्नुपरेको बताइएको छ। चिकित्सकहरूले यसलाई भाइरल समस्या भएको जनाएका छन्।

गाउँ-गाउँमा बिरामी हुने क्रम बढेपछि अस्पतालमा बिरामीको चाप बढ्दै गएको छ। इलाम अस्पतालसहित फिक्कल बजारस्थित प्राथमिक स्वास्थ्य केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र मङ्गलबारेलगायतका स्वास्थ्य संस्थामा बिरामीको भीड लाग्ने गरेको छ। साथै निजी अस्पताल तथा मेडिकलमा समेत बिरामीको उत्तिकै चाप बढेको छ।

ज्वरो आउने, रुघाखोकी लाग्ने, जिउ दुख्ने, हातखुट्टा करकर खाने, छाती र घाँटी दुख्नेलगायतका लक्षण बिरामीमा छ। बालबालिकामा समेत क्षणमा ज्वरो आउने क्षणमै ज्वरो घट्ने, शरीरका केही भागमा तापक्रम बढे पनि केही भागमा चिसोपना नै रहने लगायतका लक्षण देखिएको छ। कतिपय बिरामीमा अधिक टाउको दुख्ने, बान्ता हुने लक्षणसमेत देखापरेको छ।

अस्पतालमा शय्या नहुँदा बिरामीलाई भुइँमा राखेर समेत उपचार गराइँदै आएको छ। बिरामीलाई चिकित्सकले भीडभाडमा नजान र मास्कको प्रयोग गर्न सुझाव दिँदै आएका छन्। पानी उमालेर मात्र खाने, चिसोबाट जोगिनसमेत स्वास्थ्यकर्मीको सल्लाह छ। बर्खामा दूषित पानीसहितको भेल पानीको मुहानमा पस्ने र सोही पानी प्रयोगका कारण पनि ज्वरोका बिरामी बढेको जनाइएको छ।

## करेन्ट लागेर एक जनाको मृत्यु

**पाँचथर, साउन १०।** पाँचथर तुम्बेवा गाँउपालिका-२ मेवागाँउस्थित अन्न पिस्ने मिलबाट करेन्ट लाग्दा एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा मिल सञ्चालक सोही स्थान बस्ने ३८ बर्षीय जीवन मगर रहेका छन्। चलिरहेको मिलमा अचानक विद्युत् सर्ट भई करेन्ट लाग्दा गम्भीर घाईते भएका जीवनको घोपा धरानमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार उनलाई करेन्ट लागेको देखेर उद्धार गर्ने क्रममा सोही स्थानका ३५ बर्षीय पूर्णबहादुर मगर समेत सामान्य घाइते भएकाले सोही अस्पतालमा उपचार भइरहेको छ।


## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**

- **गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको**
- **बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको**
- **शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,**
- **प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।**
- **प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।**

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०७५।०७।२३ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजम साविक कम्पनी नाम होली बड्स एडेकेमी इङ्लिस स्कूल प्रा.लि. कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०७५।०८।१७को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गर्न स्वीकृत भएको हुँदा साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामक कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम सूर्योदय इङ्लिस एडेकेमी प्रा.लि. (अंग्रेजी Suryodaya English Academy Pvt.Ltd.) कायम भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साविकको नामः होली बड्स एकेडेमी इङ्लिस स्कूल प्रा.लि.**
**परिवर्तित नामः सूर्योदय इङ्लिस एकाडेमी प्रा.लि.**


## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।



सम्पर्क : ९८१४९९३७१२, ९८४२६७७८५५, ९८२४९९०४६२, ९७४५२६०८२५

## कर्मचारी आवश्यकता

**पद : लेखापाल संख्या : १ जना**
**पद : स्टोर किपर संख्या : १ जना**
**योग्यता :** +२ पास
**तलब :** आपसी समझदारीमा

**सम्पर्क :**
**होटल होलिडे होम प्रा.लि.**
**बिर्तामोड-५, झापा**
**(मो. :- ९८०१०४३०३६)**

## कर्मचारी आवश्यकता

पदः P.R.O. कार्यालय सहायक
संख्याः १० जना (महिला/पुरुष)
योग्यताः एसएलसी पास वा +२
तलबः १५,१,००।-सम्म
नोटः सञ्चयकोष र बोनसको व्यवस्था छ।

**सम्पर्क :**
**ग्रेट फ्युचर कम्पनी**
**भद्रपुर रोड, बिर्तामोड**
**मो. ९८१४३९७३४०**

## दुबईमा इनडोर क्लीनरहरुलाई रोजगारको अवसर

कम्पनी : BAKMART Co. UAE

LT No. 246164 चलानी नं. ६०१३२६९७

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Cleaner | 100 | 800+OT | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |

उमेरको हकमा १८ वर्षदेखि ३८ वर्षसम्मका महानुभावले सम्पर्क गर्नुहोला।

**फाइनल अन्तरवार्ता साउन १३ गते शुक्रबार बिर्तामोडमा हुनेछ।**

**सगुन ओभरसिज सर्भिसेज प्रा. लि. (सगुन होम)**

डिल्लीबजार, काठमाडौं (**फोन सम्पर्क :** ९८०८०७४५९८, ९८०३०७४४३९, ९८५२६७४४३९)

## कर्मचारी आवश्यकता

म:म बनाउन जान्ने- ५ जना
तलबः आपसी समझदारीमा
नोटः खाना/बस्नको व्यवस्था छ।
**मो. ९८०४९३७३९६, ९८२४०२८६५५**

## VACANCY ANNOUNCEMENT

Post: **Public Relation**
- Traning Officer
- Assistant Manager


**Salary: Negotiable**
Time: 10 A.M. TO 4:00 PM
**Qualification:**
See, +2, MBS, MBA
Birtamode, Jhapa
**9866672579, 9801615396**

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिंदैछ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

**पानीटंकीको पहिलो गल्ली दायाँ साइड** सम्पर्क : **निशान्त-** ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

***नोटः यहाँ ब्याट्रीबाट चल्ने मोटरसाइकल पनि पाइन्छ।***

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
**देवी सिटौला**
९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस

## हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई

सम्पर्कः
9808705206
9863983668
9807930740
9827930240





## बिर्तामोड नगरपालिका

### सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना




सामाजिक सुरक्षा नियमावली २०७६ (पहिलो संशोधन) को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७९ श्रावण १ गते देखि कार्तिक मसान्तभित्रमा सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन सम्बन्धीत सबैमा सूचित गरिन्छ। साथै २०७९ भाद्र मसान्त भित्र नाम नविकरण गर्ने लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ताको पहिलो त्रैमासिक किस्ता २०७९ आश्विन महिनामा र आश्विन र कात्तिक महिनामा नविकरण गर्ने लाभग्राहीहरुको पहिलो किस्ता मंसिरमा मात्र निकासा हुने हुँदा असोज महिनामै भत्ता लिनका लागी २०७९ भाद्र मसान्त भित्रै नविकरण गरिसक्नु हुन जानकारी गराइन्छ। बालबालिका, पूर्ण अपाङ्गता, ९० वर्षमाथीका लाभग्राहीहरुको हकमा संरक्षक र आफै उपस्थित हुन नसक्नेको हकमा नेपाल मेडिकल काउन्सिल (NMC Register) डक्टरले प्रमाणित गरेको पत्र मार्फत संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ।

**नोट : तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन।**

### आवश्यक कागजातहरु

- नागरिकता प्रमाण पत्रको फोटोकपी
- पासपोर्ट साइजको १ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हकमा जन्म दर्ताको फोटोकपी र संरक्षकको नागरिकत [redacted]
- असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको फोटोकपी र अव [redacted]
- अपाङ्गताको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्र [redacted]

**बिर्तामोड [redacted]**
**राष्ट्रिय परिचय पत्र [redacted]**


## छापाखाना

क्यालेण्डर | विवाह कार्ड | बिल, भौचर | फ्लेक्स प्रिन्ट | स्टाम (छाप) | कप, टि-सर्ट | लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस्।

७ बार १२ महिना संचालनमा

**घिमिरे अफसेट प्रेस**
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



**नारायणप्रसाद बाँस्तोला**
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## Free Visa ! Free Ticket ! Free Recruitment !

## (Zero Cost) सहित QATAR मा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEYSEER SECURITY SERVICES CO WLL शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७८/१०/२७ चलानी नं.: ६०१७४२८२ LT. No.: 257798 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Cleaner | 15 | 10 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard | 29 | 0 | | 1500 | ५२,०६५ | | | | | | | |

**यसको फाइनल अन्तरवार्ता २०७९ साउन १३ र १४ गते (29 & 30 July 2022)मा सिद्धार्थ होटल बिर्तामोडमा हुनेछ।**

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**


श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३

पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर

शाखा कार्यालय:- विनायक होटल (छेउ), विर्तामोड, झापा

E-mail : nepal@soundlinesgroup.com

Jhapa: 023- 536663, 9826969623

**ज्यो. पं. खेमप्रसाद पौडेल**
**फोन सम्पर्क ९८५११५४६९९**

[redacted]

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादबिवाद नगर्नुहोला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** कार्यसिद्धिहुने दिन छ, मान सम्मानमा वृद्धिहुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समय मिश्रित फलदायि छ, टाउको तथा आँखा सम्बन्धि समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** धार्मिक कार्यमा सहभागीहुने दिन रहेको छ, बोल्दा बिचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन्।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** सन्तान पक्षबाट शुखद् खबर सुनिनेछ, नचिताएको ठाँउमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ,।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** अधुरा रहेका कामहरू सिद्धहुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ, मन हर्षित हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** पराक्रम बढेर जानेछ, बिग्रनलागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** मन अशान्त रहन सक्छ, पारिवारिक कारणले [redacted] चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च [redacted] जानेछ।

**मकर (भो, ज, जि, [redacted]** मन प्रशन्न रहला, धन [redacted] प्राप्त होला, शत्रुमाथी [redacted]

**कुम्भ (गु, गे, गो, स [redacted]** बोल्दा विचार पुऱ्याउ [redacted] योग छ, पराक्रममा वृ [redacted] सहयोग प्राप्ति होला।

**मीन (दि, दु, थ, झ, [redacted]** समय सापेक्षित छ, जु [redacted] जाने योग छ, साथीभा [redacted] प्रशन्न रहला।